# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

प.सं.:०७७/०७८

च.नं.:

मिति : २०७७।५।३१

**साना परियोजना सहयोग कोष अन्तरगत परियोजना प्रस्ताव आवाह्न सम्वन्धि सुचना ।**

सुचना प्रकाशन मिति: २०७७/६/१ गते

धनगढी उप महानगरपालिकाले जी.आई.जेड.को स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनासँग स्थानिय आर्थिक विकासको लागि सहकार्य गर्दै आईरहेको छ । यसै सन्दर्भमा यस नगर क्षेत्र भित्र दर्ता भइ सञ्चालनमा रहेका सहकारी तथा उद्यमहरुलाई प्रतिस्पर्धात्मक बिधिबाट परियोजना प्रस्तावनाहरूको छनौट गरी सहयोग प्रदान गर्ने "साना परियोजना सहयोग कोष" कार्यक्रम संचालन गर्न गइरहेका छौं । यस कार्यक्रम अन्तर्गत स्थानीय आर्थिक विकासका लागी छनौट गरिएका मूल्य श्रृंखलाहरु: **फलफूल तथा तरकारी, बाखा, कुखुरा, दुग्ध एवं पर्यटनको प्रवर्द्धन तथा कोभिड १९ र त्यसबाट स्थानिय आर्थिक विकासमा पर्ने गएको असरलाई सम्बोधन गर्दै नयाँ उत्पादन वा सेवा सहितका नवीन व्यावसायिक** अवधारणाहरूको पहिचानमा सहयोग पुऱ्याउने उद्देश्य रहेको छ ।
यस "साना परियोजना सहयोग कोष" कार्यक्रम मार्फत सहकारी तथा उद्यमहरुले पेश गरेका परियोजना प्रस्तावको आधारमा उत्कृष्ठ ३–५ वटा परियोजनाहरुलाई अधिकतम प्रति परियोजना रु.१० लाख सम्म सहयोग प्रदान गरिनेछ ।

**परियोजनाहरु प्रस्ताव पेश गर्दा पालन गर्नु पर्ने शर्तहरु**

१) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई धनगढी नगरक्षेत्र भित्र स्थापना र नियमित सञ्चालनमा रहेका सहकारीहरू वा उद्यमहरू

२) कुल प्रस्तावित परियोजनाको सहकारीहरूको हकमा कम्तिमा २५% र उद्यमहरूका लागि कम्तिमा ५०% योगदान आवेदकबाट गर्नुपर्नेछ । सहयोग रकम परियोजना एवं व्यवसाय हेरी अधिकतम रु. १०,००,००० मा नबढने गरी प्रदान गरिनेछ ।

३) प्रत्येक सहकारी/उद्यमले केवल एउटा प्रस्ताव पेश गर्न सक्नेछ । यद्यपि, संयुक्त प्रस्तावहरूलाई प्रोत्साहित गरिनेछ ।

४) प्रस्तावित परियोजनाले कोभिड-१९ ले ल्याएका आवश्यकताहरू एवं चुनौतीहरूलाई सम्बोधन गर्दै आर्थिक विकास/उद्यम विकासलाई सहयोग पुऱ्याउने उपायहरू निम्न बुँदाहरूसंग सम्वद्ध गराई सान्दर्भिकता प्रमाणित गर्नुपर्नेछ :

- नगरपालिकाका प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरू (**व्यवसायिक कृषि, व्यापार, सानो लगानीका उत्पादन र पर्यटन**) सँग मेल खाने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

५) प्रस्तावक सहकारीहरूमा कम्तिमा २५% सदस्यहरू पछि परेका समूदाय (Disadvantaged Groups) बाट हुनुपर्नेछ ।

६) महिला तथा पछि परेका विपन्न समूहबाट नेतृत्व गरिएका उद्यमहरूलाई प्राथमिकता दिइनेछ ।

**जगन्नाथ पन्त**
**प्रमुख प्रशासकीय अधिकृत**
**(सह सचिव)**

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

प.सं.:०७७/०७८

च.नं.:

मिति : २०७७।५।३१

उक्त मापदण्डहरु भित्र रही प्रतिस्पर्धामा भाग लिन ईच्छुक सहकारी /उद्यमहरुले यस नगरपालिकाको यस कार्यक्रमको लागि उपलब्ध गराउने परियोजना प्रस्ताव फाराम भरी निम्नानुसारका कागजपत्रहरु प्रतिलिपि सहित यो सुचना प्रकाशन भएको १५ दिन (मितिः २०७७/६/१५ गते) कार्यालय समय भित्र आवेदन दिनुपर्ने छ :

- सहकारी / व्यवसाय दर्ता प्रमाणपत्रहरु
- कर दर्ता (PAN/VAT) प्रमाणपत्र
- कर छुट वा कर चुक्ता प्रमाणपत्रहरु
- कारोवार क्षेत्र खुल्ने कागजातहरु (सहकारीको हकमा विनियम को सम्बन्धित पेजको प्रतिलिपि)
- पछिल्लो आ.व.को लेखा परिक्षण गरिएका वित्तिय विवरणहरु
- संचालक समितिको रकम सुनिश्चितता सम्बन्धि निर्णयको फोटोकपी ।

परियोजना प्रस्ताव फाराम यस धनगढी उप–महानगरपालिकाको website www.dhangadhimun.gov.np बाट download गर्न सकिने छ वा "साना परियोजना सहयोग कोष" कार्यक्रमका सम्पर्क व्यक्ति श्री लोकराज उपाध्याय (ईमेल dhan.mun.krishi@gmail.com ) वा स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनाका स्थानीय प्रतिनिधि श्री दिपक अधिकारी (ईमेल deepak.adhikari@giz.de ) मार्फत प्राप्त गर्न सकिनेछ । प्रस्ताव फाराम भरी आवश्यक कागजपत्रहरु सहित सोही ईमेल मार्फत आवेदन पठाउनु पर्ने छ ।

**जगन्नाथ पन्त**
**प्रमुख प्रशासकीय अधिकृत**
**(सह सचिव)**